# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजानिक गरिएको विवरण

## आर्थिक वर्ष २०७७/०७८ को मंसिरदेखि माघसम्म सम्पादित क्रियाकलापको विवरण

गण्डकी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
पोखरा, नेपाल

## 1. पृष्ठभूमि

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, स्रोतको बाँडफाँट, वित्तीय तथा विकास नीति, वार्षिक विकास कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा लैजाने, आयोजना तथा कार्यक्रमको अनुगमन एवं मूल्याङ्कनबाट विनियोजन दक्षता र आयोजना कार्यान्वयन कुशलता प्रवर्द्धनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो।आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त अनुदान, वैदेशिक अनुदान र ऋणको विनियोजनलाई समुचित संयोजन गर्नु मन्त्रालयको महत्वपूर्ण कार्य जिम्मेबारी रही आएको छ। आगामी दिनमा मन्त्रालयले सार्वजनिक वित्तको पारदर्शी परिचालन, प्रदेशको वित्तीय ब्यवस्थामा सन्तुलन, आर्थिक विकास, अन्तरसरकारी वित्त हस्तान्तरण, स्रोतको न्यायोचित एवं सन्तुलित वितरणमा थप प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ ।

**क) दृष्टिकोणः**

प्रदेशको सवल र समुन्नत अर्थतन्त्र निर्माण ।

**ख) लक्ष्य :**

आन्तरिक राजस्व परिचालनबाटै सार्वजनिक खर्चको परिपूर्ति गरी वित्तीय संघीयतालाई मजबुत बनाउने।

ग) **उद्देश्य** :

उपलब्ध स्रोत साधनको दक्षतापूर्ण विनियोजन र कुशल परिचालनबाट न्यायोचित वितरण सहितको आर्थिक बृद्धि गर्नु ।

**घ) रणनीति :**

१. राजस्वका स्रोतहरूको क्षेत्र पहिचान एवं कराधार विस्तार गरी यसको अधिकतम परिचालन गर्ने,

२. आर्थिक उपलब्धीको न्यायोचित वितरण गर्दै गरिबी निवारणमा योगदान पुर्‍याउने,

३. लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दै रोजगारीका अवसर सिर्जना गर्ने,

४. उपलब्ध स्रोत साधन वितरणमा सामाजिक न्याय कायम गर्ने एवं अन्तर-स्थानीय तहका बीचमा सन्तुलन हुने गरी लगानी र पुनर्वितरण गर्ने,

५. आर्थिक,सामाजिक तथा पूर्वाधार विकासमा सार्वजनिक खर्चको मितव्ययी र दक्षतापूर्ण उपयोग गर्ने।

## २. कार्य जिम्मेवारीः

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारी देहायानुसार रहेका छन्:

१. प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
२. प्रदेश स्तरको स्रोतको बाडँफाँट,लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,
३. प्रदेशस्तरको वित्त सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
४. संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
५. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
६. प्रदेशस्तरीय विकास नीति, प्राथामिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,

७. राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
८. प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
९. प्रदेश सार्वजनिक खर्च, मध्यमकालीन खर्च संरचना र खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
१०. संघीय नीति अनुरूप सहवित्तीयकरण,
११. प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
१२. प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
१३. प्रदेश सञ्चितकोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
१४. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च, प्रदेशको उधारो खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
१५. प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
१६. प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,
१७. घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन, नियमन,
१८. संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,
१९. प्रदेशको कर प्रणालीको राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
२०. संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
२१. प्रदेशको तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,
२२. बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
२३. प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,
२४. आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र कार्य।

## ३.	दरबन्दी र पदपूर्ति

### ३.१.	मन्त्रालयको दरबन्दी र पदपूर्ति विवरण

| क्र.स. | पद | सेवा | समूह | श्रेणी /तह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| 1 | सचिव | नेपाल प्रशासन | | रा.प.प्रथम | 1 | १ | - |
| 2 | उप-सचिव | नेपाल प्रशासन | सा.प्र. | नवौ/दशौं | 2 | - | २ |
| 3 | उप-सचिव | नेपाल प्रशासन | राजस्व | नवौ/दशौं | 2 | १ | १ |
| 4 | अधिकृत | नेपाल प्रशासन | सा.प्र. | सातौं/आठौं | 6 | ३ | ३ |
| 5 | अधिकृत | नेपाल प्रशासन | राजस्व | सातौं/आठौं | 6 | २ | ४ |
| 6 | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | 1 | १ | - |
| 7 | कानून अधिकृत | नेपाल न्याय | कानून | सातौं/आठौं | 1 | १ | - |
| 8 | तथ्याङ्क अधिकृत | ने.आ.यो.तथा .त. | | सातौं/आठौं | 1 | १ | - |
| 9 | कम्प्युटर अधिकृत | नेपाल विविध | | सातौं/आठौं | 1 | १ | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 10 | कम्प्युटर इन्जिनियर | नेपाल विविध | | सातौं/आठौं | 1 | - | १ |
| 11 | अर्थशास्त्री | नेपाल विविध | | सातौं/आठौं | 1 | - | १ |
| 12 | सहायक/अधिकृत | नेपाल प्रशासन | सा.प्र. | पाँचौं/ छैटौं | 5 | ५ | - |
| 13 | सहायक/अधिकृत | नेपाल प्रशासन | राजस्व | पाँचौं/ छैटौं | 6 | १ | ५ |
| 14 | कम्प्युटर अधिकृत/अपरेटर | नेपाल विविध | | पाँचौं/ छैटौं | 3 | १ | २ |
| 15 | सह-लेखापाल | नेपाल प्रशासन | लेखा | चौथो | 1 | - | १ |
| 16 | ह.स.चा. | | | तह विहीन | 4 | ४ | - |
| 17 | कार्यालय सहयोगी | | | तह विहीन | 5 | ४ | १ |
| | | | | **जम्मा** | **47** | २६ | २२ |

## ३.२ प्रदेश लेखा नियन्त्रक कार्यालयको दरबन्दी र पदपूर्ति विवरणः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | नेपाल प्रशासन | लेखा | नवौ/दशौं | १ | १ | - | काजबाट पूर्ति |
| २ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | ४ | ४ | - | |
| ३ | लेखा | नेपाल प्रशासन | लेखा | पाँचौं/छैठौं | ४ | ३ | १ | |
| ४ | कम्प्युटर अपरेटर/ अधिकृत | नेपाल विविध | विविध | पाचौं/छैठौं | 1 | १ | - | |
| ५ | सहायक लेखा | नेपाल प्रशासन | लेखा | चौँथो | ४ | ३ | १ | |
| ६ | ह.स.चा. | | | तह बिहीन | २ | २ | - | |
| ७ | कार्यालय सहयोगी | | | तह बिहीन | ४ | ४ | - | |
| | | | | **जम्मा** | **20** | १८ | २ | |

नोटः प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत ११ वटै जिल्लामा प्रदेश लेखा इकाई कार्यालय रहेका छन्। उक्त लेखा इकाईको कार्य हाल कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीबाट नै सम्पादन हुँदै आएको छ।

**४. मन्त्रालयबाट प्रदान गरिने सेवा**

| क्र.सं. | महाशाखा | प्रदान गरिने सेवा |
|---|---|---|
| १. | **बजेट योजना तथा कार्यक्रम महाशाखा** | • प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन<br>• राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग<br>• प्रदेश सार्वजनिक खर्च, मध्यमकालीन खर्च संरचना र खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | **प्रशासन महाशाखा** | • सामान्य प्रशासन<br>• मन्त्रालयको आर्थिक प्रशासन |
| ३. | **वित्त व्यवस्थापन महाशाखा** | • प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,<br>• प्रदेशस्तरको वित्त सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,<br>• प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,<br>• आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन<br>• राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन<br>• प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन, नियमन, |
| ४. | **वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा** | • आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र कार्य।<br>• प्रदेशको तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,<br>• |

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी

| क्र.सं | महाशाखा /शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | **बजेट योजना तथा कार्यक्रम** | रमेश शर्मा | उपसचिव | |
| क. | बजेट तथा कार्यक्रम शाखा | पार्वती लामिछाने | अधिकृत (आठौं) | |
| | | अमर नेपाली | अधिकृत (सातौं) | |
| | | कृष्ण प्रसाद पोख्रेल | लेखा अधिकृत (सातौं) | |
| | | बसन्त राज ढकाल | अधिकृत (छैठौं) | |
| | | चुडा बहादुर रोका | कम्प्युटर अधिकृत | |
| ख. | प्रादेशिक योजना तथा अनुगमन | गीता घिमिरे(दोरङ्गा) | अधिकृत (आठौं) | |
| २. | **प्रशासन महाशाखा** | रमेश शर्मा | उपसचिव | |
| क. | माननीय मन्त्रीज्यूको निजी सचिवालय | तेज बहादुर गुरुङ | अधिकृत (आठौं) | |
| | | रामेश्वर ढुंगाना | अधिकृत (छैठौं) | |
| ख. | कर्मचारी प्रशासन शाखा | कल्पना देवी सापकोटा | अधिकृत (सातौं) | |
| | | बिष्णु प्रसाद पौडेल | अधिकृत (छैठौं | |
| | | सरस्वती सुवेदी | सहायक (पाचौं) | |
| | | इन्द्र कुमारी जि.सी. | सहायक (पाचौं) | |
| | | सुरेश पोख्रेल | सहायक (चौथों) | काजमा |
| ग. | आर्थिक प्रशासन शाखा | कृष्ण प्रसाद पोख्रेल | लेखा अधिकृत (सातौं) | |
| घ. | कानुन तथा फैसला कार्यान्वयन | तेजेन्द्र प्रसाद ढकाल | कानुन अधिकृत | |
| ३. | **वित्त व्यवस्थापन महाशाखा** | रमेश शर्मा | उपसचिव | |
| | राजस्व व्यवस्थापन शाखा | तिलकराम ढकाल | अधिकृत (आठौं) | |
| | | गीता घिमिरे(दोरङ्गा) | अधिकृत (आठौं) | |
| | | कल्पना देवी सापकोटा | अधिकृत (सातौं) | |
| | | इश्वरी प्रसाद ढकाल | अधिकृत (छैठौं) | |

| | | | | |
|---|---|---|---|---|
| ४. | **वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा** | रमेश शर्मा | उपसचिव | |
| क. | आर्थिक विश्लेषण शाखा | राम प्रसाद वाग्ले | तथ्यांक अधिकृत | |
| ख. | वित्तीय क्षेत्र व्यवस्थापन शाखा | राम प्रसाद वाग्ले | तथ्यांक अधिकृत | |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

यस मन्त्रालयबाट प्रवाह गरिने सबै सेवा निःशुल्क रुपमा गरिनेछ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**सम्बन्धित महाशाखाबाट निर्णयका लागि विषय उठान भइसकेपछि अधिकार प्रत्यायोजनको सीमासम्म सचिवबाट र अधिकार प्रत्यायोजन नभएको विषयमा मन्त्रीस्तरबाट निर्णय गरिने ।

**८.आर्थिक वर्ष २०७७/०७८ को मंसिरदेखि माघसम्म सम्पादन भएका कामको विवरण**

१. अन्तरसरकारी वित्त हस्तान्तरण तथा राजश्व परिचालन सम्वन्धमा जिल्लागत रुपमा जुम बैठकबाट ८५ वटै स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न् भएको ।

२. राजश्व संकलन तथा परिचालन सम्वन्धमा प्रदेश अन्तर्गतका मालपोत कार्यालय र यातायात कार्यालयहरुबीच अन्तरक्रिया गोष्ठी सम्पन्न भएको ।

३. प्रदेशमा कम्प्यूटर (एकीकृत डाटा) सर्भर राख्नको लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन प्राप्त भएको ।

४. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ तयार गरी प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भएको ।

५. आर्थिक वर्ष २०७६/०७७ को बार्षिक समीक्षा प्रतिवेदन तयार गरिएको ।

६. प्राकृतिक स्रोत तथा ढुङ्गा, गिट्टी, बालुवा, बालुवा प्रशोधन केन्द्र, क्रसर उद्योग ,काष्ठ उद्योग, जडिबुटी तथा वन पैदावारबाट उठ्ने राजस्व परिचालनका विषयमा प्रदेश अन्तर्गतका जिल्ला समन्वय समितिका प्रमुख , प्रमुख जिल्ला अधिकारी र डिभिजनल वन अधिकृतहरुसँग छलफल कार्यक्रम सम्पन्न भएको ।

७. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ तयार गरी प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भएको ।

८. आर्थिक वर्ष २०७७/०७८ को अर्धबार्षिक प्रतिवेदन तयार गरिएको ।

९. राजश्व तथा लेखा सम्बन्धी सफ्टवेयर सञ्चालन तालिम गरिएको ।

१०.रू.१ अर्ब६० करोड ४० लाख ५९ हजार आन्तरिक राजस्व संकलन भएको ।

**९. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:**

कार्यालय प्रमुख: श्री चन्द्रकला पौडेल, सचिव

सूचना अधिकारी : कल्पना देवी सापकोटा, अधिकृत (सातौं)

**१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

क) विनियोजन ऐन, २०७७

ख) आर्थिक ऐन, २०७७

ग) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७

**११.राजस्व परिचालनको अवस्था**

**क.नेपाल सरकारबाट प्राप्त अनुदानको अवस्था**

**रकम रू.हजारमा**

| राजस्व शीर्षक नं | राजस्व शीर्षक | २०७७/०७८ को वार्षिक लक्ष्य | २०७७ माघसम्म प्राप्ती | प्रतिशत |
|---|---|---|---|---|
| १३३११ | समानीकरण अनुदान | ७११२६०० | ५३३४४५० | ७५ |
| १३३१२ | सशर्त अनुदान | २०९१४४० | १९१०४६६ | ९१.३४ |
| १३३१४ | विशेष अनुदान | ५४०००० | 359999 | ६६.६६ |
| १३३१६ | समपुरक अनुदान | १४९८९०० | 999266 | ६६.६६ |
| | **जम्मा** | ११२४२९४० | ८६०४१८३ | **७६.५२** |

**ख. नेपाल सरकारबाट प्राप्त मुल्य अभिबृद्धि कर र अन्तशुल्कको अवस्था**

**रकम रू. हजारमा**

| राजस्व शीर्षक नं | राजस्व शीर्षक | २०७७/०७८ को वार्षिक लक्ष्य | २०७७ माघसम्म प्राप्ती | प्रतिशत |
|---|---|---|---|---|
| 11411 | बाँडफाँट भई प्राप्त हुने मु.अ.कर | ३७८६९०० | २५५५५०१ | ६७.४८ |
| 11421 | बाँडफाँट भई प्राप्त हुने अन्तशुल्क | ३७८६९०० | ७४१४५८ | १९.५७ |

| | | | | |
|---|---|---|---|---|
| | | ७५७३८०० | ३२९६९५९ | ४३.५३ |

## ग. आन्तरिक राजस्व परिचालनको अवस्था

रकम रू.हजारमा

| शीर्षक | वार्षिक लक्ष्य | २०७७ माघ मसान्तसम्म दाखिला | प्रतिशत |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४००००० | 21320९ | ५३ |
| अन्य निकायबाट प्राप्त ब्याज | ० | १ | |
| सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ० | 1132 | |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त आय | ० | 2774८ | |
| पदयात्रा शुल्क | 1000 | 40२ | ४० |
| कृषि उत्पादनको विक्रिबाट प्राप्त रकम | 300 | 285 | ९५ |
| सरकारी सम्पत्तिको विक्रीबाट | 1010 | 41६ | ४१ |
| अन्य विक्रिबाट प्राप्त रकम | ० | ५०० | |
| विद्युत सेवा शुल्क | ० | 7 | |
| शिक्षाक्षेत्रको आम्दानी | 1150 | 30६ | २६.६ |
| परीक्षा शुल्क | ० | 2494 | |
| यातायात क्षेत्रको आम्दानी | 155055 | 3136६ | २० |
| अन्य प्रशासनिक सेवा शुल्क | 550000 | 11046५ | 20 |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | २०२०१० | 464३४ | 23 |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब(Blue Book) सम्बन्धी दस्तुर | ४०४०५० | 14072४ | 35 |
| प्राशासनिक दण्ड,जरिवाना,जफत | | 13106 | |
| अन्य राजस्व | ७२०२१० | 628 | ०.८ |
| बेरुजू | ९०९०९० | 5879६ | ६.४६ |

| | | | |
|---|---|---|---|
| निकासा फिर्ता | ० | 12796 | |
| अनुदान फिर्ता | ० | 3122१ | |
| सवारी साधन कर संकलन | ० | 912023 | |
| **जम्मा** | | **160405९** | |

१२. बार्षिक बजेट र खर्च विवरण

क.मन्त्रालयको बार्षिक बजेट र खर्च विवरण:

रकम रु. हजारमा

| क्र.सं. | बजेटको किसिम | विनियोजन | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| 1. | चालु | १८१३७५ | २६४७४ | १४.६० |
| २. | पुँजीगत | १५००० | ४२१९ | २८.१३ |
| | **जम्मा** | **१९६३७५** | **३०६९४** | **१५.६३** |

**ख· समग्र प्रदेशको बजेट विनियोजन र खर्च विवरण :**

रकम रू· हजारमा

| सि.नं. | वर्गीकरण | विनियोजित | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| 1. | चालु | १४२१२९५५ | २३६८५६३ | १६.६६ |
| 2. | पुँजीगत | २०२९०५१७ | ४०३८५३५ | १९.९० |
| | **जम्मा** | **३४५०३४७२** | **६४०७०९८** | **१८.५६** |

**ग .स्थानीय तहमा राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणको विवरण:**

रकम रू. हजारमा

| क्र.सं. | अनुदानको किसिम | विनियोजन | हस्तान्तरण | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| 1. | वित्तीय समानीकरण | १०५०००० | ५२५००० | ५० |
| २. | सशर्त अनुदान | २५८००० | १२९००० | ५० |
| ३. | विशेष अनुदान | १९६००० | ९८००० | ५० |
| ४. | समपूरक अनुदान | ६२७००० | २४६००० | ५० |
| ५. | अधुरा आयोजना (समपुरक, सशर्त र विशेष) | ४५०००० | ५०००० | ११ |
| ६. | प्रशासनिक भवन निर्माण | ५५०००० | १५००० | ३ |

| | | | | |
|---|---|---|---|---|
| ७. | राजस्व बाँडफाँट (सवारी साधन कर) | ४००००० | २४९८७५ | ६२ |